नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज, काठमाडौं

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०४/२८ गते।

## आवश्यकता सम्बन्धि सूचना !!!

यस नेपाल प्रहरी अस्पतालको आन्तरिक कल्याण कोषबाट प्रहरी नायव निरीक्षक दर्जा वा सो सरहको पारिश्रमिक रकम उपलब्ध गराउने गरी २०(बीस) जना स्टाफ नर्स ६(छ) महिनाको लागि करार सेवामा पदपूर्ति गर्न आवश्यक भएकोले तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले देहाय बमोजिम हुने गरी दरखास्त पेश गर्न हुन आह्वान गरिन्छ।

१. **आवश्यक माग पद संख्या :-**

| सि.नं. | पद नाम | दर्जा | सेवा समुह | संख्या |
|---|---|---|---|---|
| १. | स्टाफ नर्स (करार) | प्राविधिक प्रहरी नायव निरीक्षक वा सो सरह | नर्सिङ | २० (बीस) |

२. **दरखास्त फाराम दर्ता मिति :-**२०८१/०४/२९ गते बिहान १०:०० बजदेखि २०८१/०५/०६ गते १७:०० बजेसम्म, (सार्वजनिक बिदाको दिन बाहेक)।

३. **दरखास्त फाराम पाईने र बुझाउने स्थान :** नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज, काठमाडौं।

४. **उमेर/दरखास्त दस्तुर :-**

| सि.नं. | पद | दर्जा | उमेरको हद | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १. | स्टाफ नर्स (करार) | प्राविधिक प्रहरी नायव निरीक्षक वा सो सरह | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको। | रु.७००।- |

५. **आवश्यक न्यूनतम योग्यता:-**

(क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(ख) मानव अधिकारी र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको।

(ग) राजनैतिक दलको सदस्य नरहेको।

(घ) आतङ्ककारी संगठनको सदस्य नरहेको।

(ङ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

६. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव:-**

| सि.नं. | पद नाम | दर्जा | शैक्षिक योग्यता | अनुभव (Experience) |
|---|---|---|---|---|
| १. | स्टाफ नर्स | प्राविधिक प्रहरी नायव निरीक्षक वा सो सरह | त्रि.वि.वा मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण। | मान्यता प्राप्त अस्पतालमा कम्तीमा १ (एक) वर्ष काम गरेको अनुभवको प्रमाण पत्र अनिवार्य। |

७. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरु:-**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति।

(ख) हालसालै खिचेको पूरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो ४ (चार) प्रति।

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।

(घ) प्रचलित कानून बमोजिम नर्सिङ काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी।

(ङ) दरखास्त फारामसँग संलग्न गरि पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टि 'सक्कल बमोजिम नक्कल ठीक छ' भनि उम्मेदवार स्वयंले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

८. **परीक्षा विधि:-**

(क) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण।

(ख) लिखित परीक्षा।

९. **सम्पर्क मिति तथा स्थान:-** मिति २०८१/०५/९ गते ११:०० बजे, नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज, काठमाडौं।

**पुनश्च :**

१. मान्यता प्राप्त अस्पतालमा १ वर्ष काम गरेको अनुभवको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

२. दरखास्त फाराम दस्तुर नेपाल बैक लिमिटेड लाजिम्पाट शाखाको नेपाल प्रहरी अस्पताल वृत्ति विकाश कोषको नाममा रहेको खाता नं. ०५०००१०६८०३४०९००००१ मा जम्मा गरी जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ ।

३. दरखास्त पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ।

४. यस विज्ञापन सम्बन्धी थप जानकारी, सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको वेभसाईट: www.nepalpolice.gov.np र nph.nepalpolice.gov.np मा समेत हेर्न सकिनेछ।

५. दरखास्त फाराम सोही वेभसाईटबाट डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखि तोकिएको कार्यालयमा पेश गर्न सकिने छ।

मिति २०८१।०४।२८ गते।

**नेपाल प्रहरी अस्पताल**
कर्मचारी प्रशासन शाखा
महाराजगञ्ज, काठमाडौं।
फोन नं.०१-४५१२४३०
०१-४५१२५३०